नेपाल सरकार

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**तराई-मधेश समृद्धि कार्यक्रम**

केन्द्रिय समन्वय इकाई,

नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :-०७५/०७६

चलानी नं. :- ७०

मिति :-२०७५/१२/२९

श्री तराई-मधेश समृद्धि कार्यक्रम लागू भएका स्थानीय तहहरु

तराई-मधेशका २१ जिल्लाहरु ( झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नपलपरासी बर्घधाट सुस्ता पुर्व, नपलपरासी बर्घधाट सुस्ता पश्चिम, रुपन्देही, कपिलवस्तु दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर )

विषय:- आयोजना/कार्यक्रम पेश गर्ने सम्बन्धमा ।

तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम आ.व.०७६/७७ मा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन प्रक्रिया अघि बढाउन कार्यक्रम लागु भएका तराई-मधेशका माथि उल्लेखित २१ जिल्लाका २७६ स्थानीय तहहरु (महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका) बाट आयोजना/कार्यक्रम माग एवं सिफारिसका लागि २०७५/१२/२९ को गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएको छ । सुचनामा उल्लेख भएको अवधि २०७६ बैशाख मसान्तभित्र तोकिए अनुसारको विवरण सहित प्रस्ताव पठाउनु हुन निर्देशानुसार अनुरोध छ ।

पुनश्च :- मिति २०७५/१२/२९ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना यसैसाथ संलग्न छ ।

२०७५/१२/२९

देवराज भण्डारी

शाखा अधिकृत

**बोधार्थ :-**

श्री सुचना प्रविधि शाखा :

Website मा Upload गरि दिनु हुन ।

नेपाल सरकार

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

# तराई-मधेश समृद्धि कार्यक्रम

**केन्द्रीय समन्वय इकाई**

नयाँ बानेश्वर, काठमाडौं

## आगामी आ.व. २०७६/०७७ को लागि आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना तथा चालु आ.व.मा सञ्चालनमा रहेका आयोजनाको कार्यान्वयन सम्बन्धमा

**(सूचना प्रकाशित मिति : २०७५/१२/२९)**

तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार आगामी आ.व. २०७६/०७७ का लागि कार्यविधिमा तोकिएको शर्त र मापदण्ड भित्र रही आयोजना/कार्यक्रम सञ्चालन गर्न इच्छुक तराई मधेसका तोकिएका २१ जिल्लाका २७६ स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिका)हरुबाट उक्त कार्यविधिको दफा - ७ मा उल्लेखित कार्यक्रम सञ्चालनका क्षेत्रहरु (क) सामुहिक आवास भवन (ख) सामुदायिक पूर्वाधार (ग) सडक (घ) कृषि विकास (ङ) खानेपानी तथा सरसफाई (च) सिँचाई तथा नदी नियन्त्रण (छ) उर्जा तथा (ज) विपत न्यूनीकरण पूर्वाधार मध्येबाट तपसिलका विवरण तथा कागजात सहित कार्यविधिमा उल्लेख भएका वर्ग र समुदायसंग प्रत्यक्ष सरोकारित तथा तत् तत् समुदाय लाभान्वित हुने प्रकृतिका आयोजना कार्यक्रमहरु सञ्चालनका लागि कार्यविधिको अनुसूची - २ को **आयोजना/कार्यक्रम माग फाराम** सहितको आयोजना प्रस्ताव २०७६ बैशाख मसान्त भित्र तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रीय समन्वय इकाईमा प्राप्त हुने गरी पेश गर्नुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ ।

१) प्रस्तावका साथ पेश गर्नुपर्ने कागजात एवं विवरणहरु ।
   (क) कार्यविधिको अनुसूचि २ बमोजिमको आयोजना कार्यक्रम माग फारम,
   (ख) प्रस्तावित आयोजनाको विस्तृत परियोजना प्रस्ताव (डि.पी.आर.) वा स्वीकृत लागत अनुमान,
   (ग) सम्बन्धित स्थानीय तहको पत्र,
   (घ) अन्य आवश्यक कागजातहरु,

२) चालु आ.व.२०७५/०७६ को लागि प्रस्ताव पठाइसकेका स्थानीय तहहरुको हकमा सोही प्रस्तावलाई आगामी आ.व.को लागि समेत आधार लिन सकिनेछ तर प्रस्तावित आयोजनाको **विस्तृत परियोजना प्रस्ताव** (डि.पी.आर.) **वा स्वीकृत लागत अनुमान** संलग्न नभएको अवस्थामा माथि उल्लेखित अवधिभित्र उक्त कागजात अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

३) चालु आ.व.मा तराई मधेश समृद्धि कार्यक्रमबाट आयोजना कार्यक्रम स्वीकृत भई सम्बन्धित स्थानीय तहमा बजेट अख्तियारी पठाइ सकिएको हुँदा कार्यान्वयनको हालसम्मको प्रगति विवरण पठाउनु हुन तथा हालसम्म पनि कार्यान्वयन प्रक्रियामा नगएका स्थानीय तहहरुले तत्काल कार्यान्वयन प्रक्रिया अगाडी बढाई सो को जानकारी यस केन्द्रमा पठाउनु हुन ।

४) सम्बन्धित स्थानीय तहहरुका लागि स्वीकृत आयोजना कार्यक्रमहरु कार्यान्वयन हुन नसक्ने मनासिव कारण भएमा कार्यपालिकाबाट निर्णय गरि चालु आ.व.मा कार्यान्वयन गर्न नसकिने व्यहोरा उल्लेख गरी यथा शिघ्र यस केन्द्रलाई लिखित जानकारी गराउन अनुरोध गरिन्छ ।

५) स्वीकृत आयोजना/कार्यक्रमहरु कार्यान्वयन नगर्ने एवं कार्यान्वयन गर्न नसक्ने जानकारी केन्द्रमा नदिने स्थानीय तहहरुको हकमा आगामी आ.व.को लागि आयोजना/कार्यक्रम स्वीकृती गर्न कठिन हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**द्रष्टव्य : आयोजना माग एवं सिफारिश सहितको प्रस्ताव केन्द्रीय समन्वय इकाईमा सिधै वा यसमा उल्लेखित इमेलमा Hard Copy (स्क्यान गरी) र Soft Copy दुबै पठाउनु हुन ।**

**थप जानकारीका लागि सम्पर्क : कार्यक्रम निर्देशक : ९८६०३१६८०२, शाखा अधिकृत : ९८५११६१६४४**

**E-mail:mofaga.tmpp@gmail.com, Website:www.mofaga.gov.np**

**कार्यक्रम निर्देशक**